बैठक संख्याः ८-०८१।८२

आज मिति २०८१।०९।१८ गतेका दिन यस लालझाडी गाउँपालिका गाउँकार्यपालिकाका अध्यक्ष श्री निर्मल राना ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. श्री निर्मल राना ( गाउँपालिका अध्यक्ष )

२. श्री सपना चौधरी राना ( गाउँपालिका उपाध्यक्ष)

अनुपस्थित ३. श्री प्यारेलाल राना ( १ नं. वडा अध्यक्ष)

४. श्री आशाराम राना ( २ नं. वडा अध्यक्ष)

५. श्री टिकाराम डगौरा (३ नं. वडा अध्यक्ष)

६. श्री बहादुर राना ( ४ नं. वडा अध्यक्ष)

७. श्री पहल बहादुर थापा ( ५ नं. वडा अध्यक्ष)

८. श्री हर्कनारायण जोशी ( ६ नं. वडा अध्यक्ष)

९. श्री वसमती राना ( गाउँकार्यपालिका सदस्य)

१०. श्री दिलमाया चौधरी ( गाउँकार्यपालिका सदस्य)

११. श्री विन्दु देवि तिरुवा ( गाउँकार्यपालिका सदस्य)

अनुपस्थित १२. श्री शान्ती सार्की ( गाउँकार्यपालिका सदस्य)

१३. श्री गीता देवि कोली ( गाउँकार्यपालिका सदस्य)

१४. श्री दुर्गा देवि कामी ( गाउँकार्यपालिका सदस्य)

१५. श्री राज बहादुर सार्की ( सदस्य सचिव)

**आमन्त्रित:**

१. राजकुमार डगौरा प्र. वा. वडा अध्यक्ष १ नं वडा

२. राम ब. थापा सहायक चौकी

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

**बैठक संख्या: ०८ आ.व.२०८१।०८२ मिति:२०८१।०९।१८ गते बसेको कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं.१**

यस लालझाडी गाउँपालिकाको आगामी गाउँसभाको हिउँदे अधिवेशन आह्वानको मिति २०८१।०९।२६ गते शुक्रबारका लागि तय गरी बैठक आह्वान गर्ने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।

**निर्णय नं.२**

यस लालझाडी गाउँपालिका अन्तरगत आगामी आ.व.२०८२।०८३ का लागि संघीय विशेष तथा समपुरक अनुदान माग तर्फ क्रमागत बाहेक तपसिल बमोजिमका आयोजनाहरु प्राथमिकिरणका आधारमा छनौट गरी राष्ट्रिय योजना आयोगमा स्वीकृतका लागि पठाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।

तपसिलः

| अनुदानको प्रकृति | प्राथमिकता क्रम | योजनाको नाम | योजना अवधि | आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता |
|---|---|---|---|---|
| विशेष अनुदान | १. | दोदा नदी तटबन्ध आयोजना | ३ वर्ष | लालझाडी गा.पा.कै सबै भन्दा मुल समस्या वस्ती जोखिम, वर्षेनी हुने कटान, बाढी, डुवान आदि समस्याको समाधान गर्न । |
| | २. | १० सैया आधारभुत अस्पतालका लागि स्वास्थ्य सम्बन्धि आवश्यक सर्जीकल सामग्री तथा उपकरणहरु खरिद आयोजना | ३ वर्ष | आधारभूत स्वास्थ्य सेवा तथा नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हकको प्रत्याभूति गर्न । |
| | ३. | डाडाजाई खानेपानी आयोजना | २ वर्ष | लालझाडी गा.पा. भरिमा हाल खानेपानीको सुनिश्चता नभएको वडा नं.४ डाडाजाई मात्र रहेको र खानेपानी नागरिकको मौलिक हक भएकाले सो सुनिश्चित गर्न । |
| | ४. | इटाहा बाबा गुरु योजना | २ वर्ष | पुरातात्विक सम्पदा संरक्षण एवं पर्यटन प्रवर्द्धन गर्न । |
| | ५. | कोल्ड चेम्बर | २ वर्ष | कृषि उपजको भण्डारण तथा खाद्य सुरक्षा सुनिश्चितता गर्न । |
| समपुरक अनुदान | १. | वडा नं.२ चक्रपथ निर्माण | ३ वर्ष | पालिकाको केन्द्र एवं शहरोन्मुख क्षेत्रमा यातायात पूर्वाधार विकास एवं विस्तारका लागि अति आवश्यक |
| | २. | वडा नं.५ चक्रपथ निर्माण [घम्का पट्टी देखि देउवा टोल -तटबन्ध हुदै लिफ्ट सिचाई २-३ कि.मि., लिफ्ट सिचाई देखि बैजनाथ बालज्योती विद्यालय सम्म ३ कि.मि.,बैजनाथ रुइना (गडबिजला ताल) देखि टि जक्सन] | ३ वर्ष | |

निर्णय प्रमाणित

लालझाडी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय शंकरपुर, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल